म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक १३४ बुधबार, १० पुस २०८१ ने. सं. ११४५ थिलागा 25 December 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हुप्रचौरमा महिला क्रिकेट महोत्सव

हेटौंडा, ९ पुस/हेटौंडा उपमहानगरपालिका-४, स्थित हुप्रचौरमा मंगलबारबाट महिला क्रिकेट महोत्सव सुरु भएको छ । महोत्सवको आयोजना क्रिकेट संघ मकवानपुरले गरेको हो । संघले क्रिकेटमा महिलालाई आकर्षण र प्रोत्साहन गर्ने उद्देश्यले महोत्सव आयोजना गरेको जनाएको छ । दुई दिनसम्म सञ्चालन हुने महोत्सवमा क्रिकेटमा छात्राको चाहना बढाउने, खेलबारे जानकारी दिने र आवश्यक प्रशिक्षणसमेत गराउने कार्यक्रम रहेको संघका सचिव विनोदकुमार बानियाँले बताए ।

महोत्सवमा हेटौंडा उपमहानगरपालिकाभित्रका ७ र मकवानपुरगढी गाउँपालिकाको १ गरी ८ विद्यालयका टिम सहभागी रहेको महिला क्रिकेट महोत्सवका कार्यक्रम संयोजक प्रेम क्षेत्रीले जानकारी दिए । सहभागी टोलीलाई ६ ओभरको खेल खेलाइएको छ ।

# ७ वर्षसम्म स्थायी जग बसाउन नसकेको प्रदेश सरकार

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/ बागमती प्रदेश स्थापनाको ७ वर्षसम्म भाडाका घर र संघीय सरकारका पुराना कार्यालयबाट कार्यसञ्चालन गर्नु बाहेक प्रदेश सरकारले आफ्नै थलो निर्माण गर्न सकेको छैन । प्रदेश सरकारले सात वर्ष लाग्दासम्म पनि आफ्नो प्रादेशिक संरचनाको गतिलो र स्थयी जग बसाउन सकेको छैन ।



विगतमै प्रादेशिक संरचना निर्माणका लागि पहिचान गरिएको जग्गा संघीय सरकारबाट स्वीकृति लिएर काम गर्न प्रदेश सरकार असक्षम बनेको छ । बागमतीमा ७ वर्षभित्र ५ जना मुख्यमन्त्री र ८० जना भन्दा बढी मन्त्री भइसकेका छन् । यस अवधिमा हालका मुख्यमन्त्री बहादुर सिं लामा पाँचौं मुख्यमन्त्रीका रुपमा कार्यरत छन् । प्रदेशको अघिल्लो कार्यकालमै पहिचान भएको जग्गामा संरचना निर्माणका लागि टुंगो लागेको छैन । जग्गाको टुंगो नलाग्दा पुराना सरकारी भवन र भाडाको घरबाट मात्र नभई तरकारी बजारका लागि बनाइएको भवनमा गएर मन्त्रालय बस्नु परेको छ ।

बर्सेनि ३ करोडभन्दा बढी रकम घरभाडाबापत प्रदेश सरकारले बुझाउँदै आएको छ । प्रदेश सरकारले हरेक वर्ष प्रादेशिक संरचना निर्माणका लागि बजेट विनियोजन गरिरहेएको छ तर, जग्गा प्राप्तिमै रुमल्लिँदा प्रदेशका मन्त्रालय, प्रशासनिक भवन, विभिन्न आयोजना र आयोजना कार्यान्वयन ईकाईको कार्यालय निर्माण हुन सकेको छैन । पछिल्ला दिनमा काठमाडौंमा सम्पर्कालय स्थापना गरेर प्रदेशका अधिकारीहरु नै आफ्नो बसाइलाई काठमाडौं केन्द्रित गर्न थालेपछि स्थानीयमा आशंका पैदा भएको छ ।

प्रादेशिक संरचना बनाउन प्रदेशको भौतिक पूर्वाधार विकास मन्त्रालयअन्तर्गत् छुट्टै कार्यालय स्थापना गरिएको छ । जग्गा टुंगो नलाग्दा कार्यालयले पनि काम अघि बढाउन सकेको छैन । तत्कालीन मुख्यमन्त्री डोरमणि पौडेल नेतृत्वको प्रदेश सरकारले सुरुमा हेटौंडा उपमहानगरपालिका-९ स्थित हेटौंडा सिमेन्ट उद्योगको जग्गामा प्रादेशिक संरचना बनाउन खोजेको थियो । हेटौंडाको हटियास्थित डिपोचौरको जग्गामा प्रादेशिक संरचना निर्माणका लागि प्रदेशले २०७८ फागुनमा संघीय सरकारसमक्ष स्वीकृति माग गरेको थियो ।

प्रदेश मन्त्रिपरिषद्ले २०७९ फागुनमा निर्णय गरेर वातावरणीय प्रभाव मूल्यांकन गरी त्यसको प्रतिवेदन प्रदेश सरकारले संघीय सरकारलाई पठाएको भएपनि स्वीकृत हुन सकेको छैन । प्रदेश सरकारले प्रस्ताव पेस गरेको एक वर्षसम्म जग्गा प्राप्ति हुन नसकेको वागमतीका आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले बताए । जग्गा प्राप्ति भएपनि तत्काल प्रादेशिक संरचना बनाउन सकिने अवस्था नरहेको मन्त्री लामिछानेको भनाइ छ । 'असोजमा विपद्ले गरेको क्षतिबाट पीडितलाई कसरी राहत दिने भन्ने अझै टुंगो लागेको छैन । अहिले नै प्रादेशिक संरचना निर्माण अगाडि बढ्ने सम्भावना छैन,' उनले भने । जग्गा प्राप्तिमा समस्या हुँदा प्रादेशिक संर चनाका लागि छुट्याइएको बजेट बर्सेनि फ्रिज हुँदै आएको छ ।

आर्थिक वर्ष २०७६/७७ मा प्रशासनिक तथा आवास भवन अध्ययन तथा निर्माणका लागि विनियोजन भएको ४ करोड रुपैयाँ फ्रिज भएको थियो । आव २०७७/७८ मा ९७ करोड, आव २०७८/७९ मा ५० करोड बजेट छुट्याइए पनि प्रयोग हुन सकेन । आव २०७९/८० मा दुईवटा शीर्षकअन्तर्गत ४० लाख रुपैयाँ र सोही वर्षमा मुख्यमन्त्री तथा मन्त्रालयको डिजाइन र ड्रइङ शीर्षकअन्तर्गत २० लाख रुपैयाँ तथा प्रदेश राजधानीको विविध पूर्वाधार विकास अध्ययन तथा अनुसन्धानका लागि २० लाख रुपैयाँ बजेट फ्रिज भएको थियो । हरेक वर्ष बजेट बिनियोजन गर्ने र रकम फ्रिज गर्दै जाने गर्दा सरकारको कार्यसम्पादनमा प्रश्नचिन्ह खडा भएको छ ।

प्रादेशिक प्रशासनिक भवनसम्बन्धी आयोजनाका लागि गत आव २०८०/८१ मा २५ करोड र चालु आर्थिक वर्षमा ३५ करोड रुपैयाँ बजेट विनियोजन गरिएको आर्थिक मामिला तथा योजना मन्त्रालयले जनाएको छ । प्रादेशिक संरचना निर्माण आयोजना कार्यान्वयनमा प्रदेश सरकार तयारी अवस्थामा रहेको दाबी बागमती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री अमनकुमार मास्केको छ । संघीय सरकारबाट जग्गा प्राप्तिको निर्णय भएपछि संरचना निर्माणले तीव्र गति लिने उनी बताउँछन् । प्रदेश सरकारले स्थायी संरचना निर्माण नगरेका कारण हेटौंडाबाट अन्यत्र स्थानान्तरण हुनसक्ने आशंका स्थानीयको छ ।

# चित्लाङ-थानकोट सडक बिहान र बेलुका खुल्ने

साझाकुरा संवाददाता



हेटौंडा, ९ पुस/ मकवानपुरको उत्तरीक्षेत्र थाहा नगर पालिका र काठमाडौं जोड्ने छोटो दूरीको मार्ग चित्लाङ-थानकोट सडक खण्ड बिहान र बेलुकाको समयमा खुला गरिएको छ ।

सडक डिभिजन कार्यालय काठमाडौंले यसअघि सडक एक महिनाका लागि पूर्णरुपमा बन्द गर्ने सूचना गरेको थियो । स्थानीय बासिन्दाको समस्याप्रति बेवास्ता गर्दै विकल्पबिना सडक बन्द गरिएको भन्दै चित्लाङस्थित मदन भण्डारी विश्वविद्यालयलगायत नागरिकस्तर बाट विरोध जनाएपछि बिहान र बेलुकाका लागि मात्रै खुल्ला गरिएको छ । थाहा नगरपालिका-९ का कार्यवाहक वडाध्यक्ष रामकृष्ण गोपालीले सडक पूर्णरुपमा बन्द गर्दा यात्रुलाई हुने असुविधालाई दृष्टिगत गरी सडक डिभिजन कार्यालयसँगको सहकार्यमा आंशिकरुपमा सवारी साधन सञ्चालन गर्ने व्यवस्था मिलाएको बताए ।

उनका अनुसार, चित्लाङ-थानकोट सडक स्तरोन्नतिका क्रममा बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म बन्द हुने र यस बाहेकको समय सवारीका साधन सञ्चालन गर्न पाउनेछ । वडा कार्यालयले चन्द्रागिरि नगरपालिका-४ को कार्यालय, प्रहरी चेकपोस्ट, चन्द्रागिरी र इलाका प्रहरी कार्यालय, चित्लाङलाई आवश्यक सहयोग तथा समन्वयका लागि पत्राचार गरेको छ ।

थाहा नगरपालिका-१० का अध्यक्ष दीपक गोपालीले सडक डिभिजन कार्यालय, काठमाडौं र वडाध्यक्षसहित गएको प्रतिनिधि मण्डलबीच बिहान ९ बजेअगावै र दिउँसोको ४ बजेपछि सवारी साधन प्रवेश गरिसक्नुपर्ने गरी सहमति भएको बताए ।

सडक डिभिजन कार्यालय काठमाडौंले सडकको पानीघाटदेखि चन्द्रागिरि भञ्ज्याङखण्ड पुस ७ गते आइतबारदेखि आगामी माघ ६ गतेसम्म पूर्णरुपमा आवागमन बन्द हुने भनेको थियो ।

## हेटौंडाले बागमतीलाई दियो दम्कलसहितका सवारीसाधन

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/हेटौंडा उपमहानगरपालिकाले बागमती गाउँपालिकालाई दमकल, सुमो र पिकअपसहितका सवारी साधन हस्तान्तरण गरेको छ ।

सवारी साधन हस्तान्तरण समारोहमा उपमहानगरपालिका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम र उपमहानगरका प्रवक्ता सविन न्यौपानेको उपस्थिति रहेको थियो । उपमहानगरपालिकाले बागमती गाउँपालिकाको विकास र सेवाप्रवाहलाई प्रभावकारी बनाउन सहयोगस्वरुप यी साधन उपलब्ध गराएको हो ।

हस्तान्तरण कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत गौतमले यो सहयोगले गाउँपालिकाको जनसेवा, विशेष गरी विपद् व्यवस्थापन र अन्य क्षेत्रमा सघाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरे ।

प्रवक्ता न्यौपानेले गाउँपालिका र उपमहानगरबीच सहकार्य र सहमतिको वातावरणलाई मजबुत बनाउँदै नागरिकलाई सहज सेवाप्रवाहमा यो पहलले योगदान पु¥याउने बताए । बागमती गाउँपालिकाले उपलब्ध गराइएका साधनलाई जनसेवामा उपयोगी बनाउने प्रतिबद्धता व्यक्त गर्दै हेटौंडा उपमहानगरलाई धन्यवाद ज्ञापन गरेको छ ।

## हेटौंडा र मनहरीका ७४ प्राबिधिलाई तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/लघु साना तथा मध्यम उद्यमीका लागि उर्जा प्रभाबकारी डिजाइनसम्बन्धी हेटौंडामा ७४ जना प्राबिधिकलाई तालिम दिइएको छ ।

हेटौंडा उपमहानगर पालिकासँगको साझेदारीका बिल्डिङ इनर्जि इफिसेन्सी (बिन) परियोजनाले यहाँका दुईवटा पालिकामा रहेका भवन डिजाइनसम्बन्धी काम गरिरहेका प्राबिधिक्लाई तालिम दिइएको हो । हेटौंडा उपमहानगरपालिका र मनहरी गाउँपालिकामा रहेर काम गर्ने र सरकारी निकायमा सूचिकृत कन्सल्टेण्टका भवन डिजाइन गर्ने प्राबिधिकलाई ३ दिने तालिम दिइएको हो ।

तालिममा कसरी भवनलाई जोखिममुक्त बनाउँन सकिन्छ, कम लगानीमा व्यवस्थित भवन निर्माणका बारेमा प्राबिधिक तथा बित्तीय संस्थाले कसरी घरको मूल्याङ्कन गर्छन् ? भन्ने बारेमा ध्यान दिँदै तालिम प्रदान गरिएको बिन हेटौंडाका प्रमुख अस्मिता श्रेष्ठले बताइन् । तालिममा संगीता थापा, दिवस अधिकारी, सचिन र अस्मिताले प्रशिक्षण दिएका थिए ।

तालिममा सहभागीलाई हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामाले प्रमाणपत्र हस्तान्तरण गरेकी थिइन् । बिन परियोजनाका अध्यक्ष बिद्या आचार्यको अध्यक्षतामा भएको समापन कार्यक्रममा हेटौंडा-२ का अध्यक्ष बिष्णुगोपाल महर्जन, उपमहानगरपालिका नक्सा शाखाका प्रमुख उद्धब रिमाललगायतको आतिथ्यता रहेको थियो । बिनले नेपालका बिभिन्न ११ वटा पालिकामा सुरक्षित र प्रभावकारी डिजाइन सम्बन्धी काम गरिरहेको छ ।

## बागमती प्रदेशले माग्यो कानुन संशोधन गर्नुपर्ने कारणसहितको सुझाव

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/बागमती प्रदेश सरकारले आफ्नो प्रदेशभित्रका सबै स्थानीय तहसँग कुनै कानुन संशोधन गर्नुपर्ने भए आधार र कारणसहित ३ महले विवरण पठाउन पत्राचार गरेको छ ।

स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०७९ मा केही प्रदेश ऐन संशोधन गर्ने ऐनद्वारा संशोधन गर्न आवश्यक भएकोले ऐनका विद्यमान व्यवस्था संशोधन गर्नुपर्ने भए आधार र कारणसहितको तीन महले विवरण पठाउन भनिएको हो । यसरी विवरण पठाउन ३ दिनको समय दिइएको छ । बागमती प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिणद कार्यालयले विवरण मागेको हो ।


## सम्पूर्ण ब्राण्डका गाडी एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल, सम्पर्क नं.: ०५७-५९०३३३

## ख्रिष्टमसको हार्दिक शुभकामना






ख्रिष्टमस डे-२०२४ को पावन अवसरमा सम्पूर्ण इसाई धर्मावलम्वी, मकवानपुरबासी लगायत समग्र नेपाली आमाबुवा, दाजुभाई तथा दिदीबहिनीहरुमा सुख, सु-स्वास्थ्य, दीर्घायु, शान्ति, समृद्धि एवम् उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

रिना आचार्य (प्रिन्सीपल) एवम्

**सोलिड्यारिटी इन्टरनेशनल ऐकेडेमी परिवार**

हेटौंडा-१०, मकवानपुर

साझाकुरा

## हाम्रो कुरा

# जलवायुको मुद्दामा चासो न्यून

जलवायु परिवर्तनको मुद्दामा हाम्रो समाजमा चासो न्यून देखिएको छ । जलवायु परिवर्तनले पुऱ्याएको असरका बारेमा हामीलाई कुनै वास्ता छैन । गैरसरकारी संस्थाले मात्रै चासोको रुपमा लिएर बहस गरिरहेको अवस्था छ । जलवायुको क्षेत्रमा काम गर्नुपर्ने सरकारी निकायले पनि यसमा ध्यान दिएको पाइदैन । गैरसरकारी संस्थाका लागि मात्र यो एजेण्डा ज्वलन्त बनेको अवस्था छ । विद्यालय तहमा अध्यापन गराउने शिक्षकले पनि यो विषयलाई सामान्य रुपमा लिएका छन् । सार्वजनिक सम्पदा संरक्षण र न्यायमा लैङ्गिक दृष्टिकोणबारे प्रदेशस्तरीय संवाद कार्यक्रम सोमबार हेटौंडामा सम्पन्न भएको छ । कार्यक्रममा प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले वातावरणीय प्रभाव मूल्यांकन (ईआईए) प्रतिवेदनलाई औपचारिकतामा मात्रै सीमित गर्ननहुने बताए । 'ईआईए रिपोर्ट छ वा छैन भन्ने मात्र हेरिन्छ, रिपोर्टमा के छ भनेर हेर्ने गरिँदैन, यो चलन हट्नुपर्छ, प्रभाव हेरेर काम गर्नुपर्छ', उनले भने ।

वातावरण संरक्षणमा सबैको दायित्व रहेको भन्दै उनले यसमा सबैपक्ष उत्तिकै सजग हुनुपर्ने बताए । वातावरणीय प्रभावलाई मूल्यांकन र समाधान गरेर काम गर्नुपर्ने र प्रदुषण न्यूनीकरणमा लाग्नुपर्ने र बाँकी काम गर्दै जानुपर्ने उनको भनाई थियो । प्राकृतिक सम्पदा र सार्वजनिक सम्पत्तिको संरक्षणमा सबैले जोड दिनुपर्ने हुन्छ । पछिल्लो समय मानवस्वास्थ्यमा प्रतिकुल असर गरिरहेको प्लाष्टिकजन्य बस्तु नियन्त्रण गर्नुपर्ने अवस्था आएको छ । अत्यन्तै हानीकारक भएर पनि प्लास्टिकजन्य वस्तुको उत्पादन र प्रयोग संसारभर बढेको छ । प्रकृतिमा यसले नराम्रो असर गरिरहेको भएपनि सरकारी निकायबाट रोकने प्रयास भएको छैन । हाम्रा क्रियाकलाप सुधार गरेर वातावरण जोगाउने हो भने मात्रै नयाँ पुस्तालाई हामीले सुन्दर पृथ्वी हस्तान्तरण गर्न सकिन्छ । पृथ्वीलाई नोक्सान पार्ने मान्छे नै हो, यो पृथ्वीलाई अरुले नोक्सान गरेको छैन, त्यसैले यसको संरक्षण पनि हामीले गर्नुपर्छ । स्थानीय तहले प्राकृतिक सम्पदाको संरक्षण गर्दै जलवायु परिवर्तन न्यूनीकरणका क्रियाकलाप संचालन गर्न बिशेष प्राथमिकता दिन कानुन निर्माण गर्नु जरुरी छ । जलवायुका सवालमा हाम्रो स्थान के छ ? यससम्बन्धी बनेका ऐन, ऐनका कार्य र प्रभाव, कार्वन व्यापार र लाभ, लगायत विषयबारे सबै नागरिकले थाहा पाउने वातावरण सृजना गर्न सकेको खण्डमा हामीले सुन्दर भविश्ष्य नयाँ पुस्तालाई हस्तान्तरण गर्न सक्छौं ।

सहरी क्षेत्रमा सार्वजनिक सम्पत्तिको नास हुँदै गएको र मानवीय जीवन जोखिममा पर्दै गएको छ । जलवायुसम्बन्धी संघीय कानून, जलवायु कार्यको स्थानीयकरण तथा सार्वजनिक सम्पदा संरक्षण र न्यायमा लैंगिक दृष्टिकोणबारे छलफल गर्ने उद्देश्यका साथ एक्सन एड नेपाल, मकवानपुर महिला समूह र चितवन सक्रिय महिला प्रतिष्ठानले कार्यक्रमको आयोजना गरेको हो । गैरसरकारी संस्थाको एजेण्डा मात्र नबनाएर हामीले विद्यालय तथा कलेजमा अध्ययन गर्ने विद्यार्थीलाई जलवायु परिवर्त र यसको असरका बारेमा जानकारी दिने रणनीति अपनाउन सकेको खण्डमा हाम्रो समाजले फाइदा लिन सक्छ । नेपाल जैबिकि बिबिधताले धनी मुलुक मानिन्छ । यसलाई अधिकतम सदुपयोग गर्ने नीति बनाउन सरकारी निकाय र गैरसरकारी निकायबीच समन्वय हुनुपर्छ । जलबायु परिवर्तनका कारण भएको प्रकोपलाई पनि शुक्ष्मरुपमा अध्ययन गरेर विकासका मोडल तय गर्नेतर्फ सम्बद्ध निकायहरुले ध्यान पुऱ्याउनु जरुरी छ ।

## सम्पादकलाई चिठ्ठी

# बजार झिलिमिली चराको बिचल्ली

श्री सम्पादकज्यू,
साझाकुरा, राष्ट्रिय दैनिक,

हेटौंडा बजारको शोभाका रुपमा सडकछेउमा लगाइएका अशोकका बृक्षले हेटौंडाको आफ्नो पहिचान बनाएको कुरा हेटौंडाबासी सबैमा जगजाहेर छ । तर, हाल आएर ती अशोकका बृक्षहरुमा फ्रक लगाएको जस्तो देखिने सुहाउँदो बस्त्र काटी मिनिस्कर्ट बनाएर हुर्मत लिने काम भएको छ जुन ज्यादै अशोभनीय पनि छ ।

त्यसमाथी रातको समयमा बजार झिलिमिली बनाउने नाममा ती मिनिस्कर्ट लगाएका अशोक बृक्षमा लहरे बत्ती बेरी विद्युत प्रवाह गर्ने गरिएको छ । यसबाट एकातिर ती अशोक बृक्षको बृद्धिमा अबरोध आउनुका साथै ती अशोक बृक्षमा गुँड लगाउने तथा रातको समयमा बास बस्ने चराचुरुङ्गीको बिचल्ली भइरहेका छ । यस्तो संवेदनशील कुरा कार्यान्वयन गर्नु अगाडि पर्यावरणमा नराम्रो असर पर्न सक्ने कुरा ख्याल गर्नु पर्दैन ?

त्यसैले ती लहरे बत्तीहरु तुरुन्त हटाएर सबैको प्राणीको बाँच्न पाउने अधिकार सुनिश्चित गरीयोस् । सम्बन्धित निकायलाइ चेतना भया ।

**आनन्दराम पौडेल**
हेटौंडा-४, थाहाचोक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ पुस ११ गते बिहीबार २६ डिसेम्बर २०२४ । एकादशी, पौष कृष्णपक्ष । थिलागा ११४५ ने.सं. । सूर्योदय ६:५४, सूर्यास्त ५:१४ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : धार्मिक आस्था बढ्नेछ | **तुला** | : जीवनसाथीसँग मतभेद हुनसक्नेछ |
| **वृष** | : कल्याणकारी कार्यकोअवसर मिल्नेछ | **वृश्चिक** | : आध्यात्मिक चेतना प्राप्त हुनेछ |
| **मिथुन** | : अधिक परिश्रम गर्नु पर्नेछ | **धनु** | : शुभ समाचार मिल्नेछ |
| **कर्कट** | : मेहनतको फल पाइनेछ | **मकर** | : व्यापार लाभप्रद रहनेछ |
| **सिंह** | : कार्यभार र व्यस्तता बढ्नेछ | **कुम्भ** | : सन्तानको चिन्ता बढ्नेछ |
| **कन्या** | : व्यापार-व्यवसाय सामान्य रहनेछ | **मीन** | : सम्पत्तिसम्बन्धी विवाद हुनेछ |

# पुरुषभन्दा कमजोर छ महिलामा पुस्ता हस्तान्तरण परम्परा



✍ विमला तुम्खेवा

नेपालका सबै राजनीतिक दलहरूको उपस्थिति र तथ्याङ्क हेर्ने हो भने अहिले पनि महिला निर्णायक तहमा कमै छन् । अहिले देखिएको संख्याले राजनीतिक पार्टीमाथि उठिरहेको प्रश्नलाई सम्बोधन त गर्ला तर महिलाको समग्र विकासतर्फ अझै पनि पार्टीहरू उदार देखिँदैनन् । हाल प्रतिनिधिसभा र राष्ट्रिय सभामा गरी ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गर्ने प्रावधान अनुरूप नै प्रतिनिधिसभामा महिलाको सहभागिता लगभग ३३ प्रतिशत छ । प्रदेश सभाहरूमा महिलाको सहभागिता ३० देखि ३५ प्रतिशत रहेको छ । त्यस्तै स्थानीय तहमा ४० प्रतिशत अनिवार्य रूपमा महिला सहभागिता हुनुपर्ने व्यवस्था अनुरूप महिलाहरूको सहभागिता ४० प्रतिशत छ ।

यो महिलाको सामाजिक जीवनलाई अगाडि ल्याउन हाम्रो जस्तो विकासोन्मुख देशले हासिल गरेको महत्वपूर्ण उपलब्धि हो । तर त्यतिले मात्र सबै महिलाको जीवनमा परिवर्तन आउँछ त ? यसतर्फ गम्भीर भएर सोच्न जरूरी छ । नेपालको संविधानले महिलाको समान अधिकारको बारेमा स्पष्ट बोलिदिएको छ तर के समाजमा महिलाको अवस्था संविधानले व्याख्या गरे अनुरूप छ त ? आर्थिक, सामाजिक, सांस्कृतिक, धार्मिक, मानसिक दृष्टिकोणबाट नेपाली महिला आजको समयमा विश्व परिवेशसामु कहाँ छन् ? यी सबै सवालको जवाफ खोज्न पनि आउने निर्वाचनमा महिला सहभागिताको अवस्था र संख्या बढ्न जरूरी छ ।

दुई वर्षपछि फेरि स्थानीय निर्वाचन आउँदैछ, यो पल्ट नेपाली राजनीतिमा महिलाको सहभागिता र जितको सुनिश्चितता कति होला ? यसको निम्ति दलहरू कति उदार भएर आउलान् ? सम्बन्धित निकायहरूले यस विषयमा कसरी सोचिरहेका छन् ? नागरिक समाज र महिला अभियन्ताहरूले यसलाई कसरी हेरिरहेछन् ? महिलालाई समान स्थानमा ल्याउन तपाईं-हामी सबैको भूमिका के रहनुपर्छ यस विषयमा समयसँगै सोच्न र सचेत रहन जरूरी छ, जसको कारण आउने दिनमा नेपाली महिलाको जीवन परिवर्तनको निम्ति ठूलो भूमिका खेल्छ ।

त्यसैले दलका महिला नेतृ, अभियन्ताहरू सचेत हुन जरूरी छ । पहिलो संविधानसभाताका जसरी चुरा बेच्दाबेच्दै आएका महिलाहरू अहिले आएर निकै परिपक्व भइसकेको अवस्था छ– उनीहरूले नजिकबाट पितृसत्तालाई चिनेका छन् । महिलाको अवस्थाको विषयमा सचेत र जानकार छन् । पार्टीमा लामो समयदेखि निरन्तर क्रियाशील महिलाहरू महिला समानताको निम्ति आधारस्तम्भ हुन्, तिनलाई जिम्मेवारी प्रदान गर्ने उदारता पार्टीभित्र रहिर हनुपर्छ । महिला उम्मेदवारहरूको निम्ति लचिलो नीति अवलम्बन गर्नुपर्छ, पार्टीहरूले हौसला र प्रेरणा दिइरहनुपर्छ किनभने नेपालमा लोकतन्त्र आएकै कति भयो ! त्यसमा पनि महिला बहुलरूपमा सामाजिक जीवनतर्फ अग्रसर भएकै कति भयो !

बल्ल घर बाहिर निस्किएर समाजमा के भइरहेछ ? देश कसरी चलिरहेछ ? विश्व परिवेशमा महिलाको अवस्था के छ ? महिलामाथि मात्रै किन यति धेरै प्रश्न भनी प्रश्न गर्न सुरु गरेका छन् । यो आफैंमा राम्रो संकेत हो । शासन, सत्ता र शासनसम्म रहेको पितृसत्ताको दबदबामाथि प्रश्न गर्नु भनेको नेपाली समाज विस्तारै चेतनाको दृष्टिकोणबाट माथि उठ्नु हो । समग्र महिलाको अवस्थामा सुधार गर्न के गर्नुपर्ला भन्दा पार्टीभित्र स्थापित महिला नेतृहरूले राजनीतिमा आउन चाहने युवा महिलाहरूको निम्ति सकारात्मक र सहयोगी भावना राख्न जरूरी छ जहाँबाट निर्णायक भूमिका खेलिन्छ समग्र देश र समाजलाई अघि बढाउन । तर के त्यसैगरी अघिल्लो पुस्ताले पछिल्लो पुस्तालाई मार्गप्रशस्त गरिरहेको छ त ? के पछिल्लो पुस्ताहरू सचेत रूपमा अगाडि आइरहेका छन् त ? अहिले पनि कतिपय प्रश्नको हामीसँग स्पष्ट जवाफ छैन ।

पुस्ता हस्तान्तरणको परम्परा पुरुषभित्रै कमजोर अवस्थामा रहेको छ भने महिला नेताहरूमा निकै कमजोर छ । यो अवस्थालाई सुधार गर्न राजनीतिमा छवि बनाइसकेका अग्रणी महिलाहरूको ध्यान यता गएको देखिँदैन । निरन्तरको दबाव, आन्दोलन र अभियानहरूले वर्तमान समयमा नेपाली महिलाले हासिल गरेका उपलब्धिहरू महत्वपूर्ण छन् । समानताको हक, महिलाको हक, महिला हिंसा विरुद्धको हक, समान राजनीतिक हक, समान पारिश्रमिक र रोजगारको हक, समान नागरिक अधिकार, प्रजनन् स्वास्थ्य सम्बन्धी अधिकारलाई कार्यन्वयन गर्न निरन्तर बहस गर्न जरूरी छ ।

जबसम्म दान र अनुदान भन्दा माथि उठेर महिला मुक्ति र परिवर्तनको विषयमा एक भएर सोच्न सकिन्न, हाम्रो आन्दोलन बाटैमा कहीं विलीन हुने सम्भावना रहन्छ । यो हुनु भनेको फेरि पनि आउने कैयौं पुस्तासम्म यो देशमा छोरीहरू म पनि मान्छे हो भनेर पितृसत्तासँग लडिरहनु हो । यो सबै अवस्थालाई सम्बोधन गर्न निर्णायक तहमा महिलाको उपस्थिति समान नभई सम्भव छैन । आज पनि लालपुर्जा हातमा भएर मात्रै भएन भोगचलनको अधिकार महिलासँग छैन । नेपालकै सुदूर बस्तीहरूमा महिलाले मिहिनेत गरेर बाखा पाल्ने, कुखुरा पाल्ने, घर, खेत, बारी सम्हाल्ने, अन्न उत्पादन गर्ने गर्छन् तर त्यसलाई भोग गर्ने विषयमा महिलाको अधिकार हुँदैन । त्यसो त सरकार देखि दातृ निकाय सबै नै महिलाको विकासलाई केन्द्रमा राखेर योजना तथा बजेट बनाउन सचेत देखिन्छन् तर पींधमा रहेका महिलाहरूलाई यस विषयमा हेक्का नै छैन, यो संविधानले मेरो निम्ति के के अधिकारहरू सुरक्षित गरेको छ भन्ने ।

समानताको हक सम्बन्धी धारा ३८ ले महिलालाई हिंसाबाट संरक्षण दिने अधिकार, सम्पत्तिमा महिला र पुरुषलाई समान अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्यको हक, राजनीतिक सहभागितामा समान हकको विषयमा स्पष्ट बोलेको छ। तर, जातकै आधारमा आज पनि यो समाजमा मान्छेले मान्छेलाई विभेद गरिरहेछ । छोरीहरू गर्भमै मारिनुपर्ने अवस्था अद्यापि छँदैछ । तसर्थ यस्ता अनगिन्ती सवाललाई राज्यले सम्बोधन गर्न र महिला कुनै सघाउ उपकरण होइन, यो समाजको हरेक आयामहरूमा उसको समान उपस्थिति, योगदान र सहभागिता छ भन्ने सरकारले बुझ्न जरूरी छ ।

तर समाजले त्यसो भनेन । हाम्रो मूल्य-मान्यताहरूले त्यसो भनेन । हाम्रो संस्कारहरूले त्यसो भनेन । साँच्चै भन्ने हो यो समाजले महिलाको अस्तित्वलाई समान रूपमा स्वीकार नै गरेको छैन । उल्टै यी मूल्य र मान्यताहरूले महिलालाई दु:खको भुमरीमा यसरी धकेल्यो कि यी सबै परिस्थितिहरूबाट माथि उठ्न महिलालाई शताब्दीऔं लाग्छ भन्ने भर्खरै अमेरिकामा सम्पन्न चुनावको नतिजाले स्पष्ट गरेको छ ।

यो समाजमा कैयौं कारणले पुरुष पीडित छन्, तर महिलाले बाँचिरहेको जीवन त्योभन्दा कैयौं गुणा कष्टकर छ । कुनै पुरुष बलात्कृत हुनु परेको छैन । छोरा नजन्माएको कारण घरपरिवारबाट परित्यक्त हुनु परेको छैन । दाइजो नल्याएको कारण जलेर मर्नु परेको छैन । मुम्बईको कोठीमा बेचिनु परेको छैन । छाउ बार्नुपर्ने कारणले गर्दा सर्पले डसेर मर्नु परेको छैन । काखको बच्चासँगै कोशीको भङ्गालोमा आत्महत्या गरेको समाचार यो समाजले सुन्नुपरेको छैन । सरकारले बुझ्न जरूरी छ आत्महत्या कमजोरी होइन यो अवस्था राज्य र समाजको व्यवस्थाहरूले सृजित गर्ने गर्छ ।

यी सबै सामाजिक अवस्थाबाट माथि उठ्न के गर्नुपर्ला ? पक्कै पनि नेपाली महिलाहरू आफैंले हिंडेर आएको बाटोतर्फ पुन: फर्केर आत्म-आलोचना गर्न जरूरी छ । दलगत द्वीप भन्दा माथि उठेर महिलाको मुद्दामा एक हुन जरूरी छ । नेपालको महिला सशक्तीकरण र आन्दोलनतर्फ फर्किएर हेर्दा १९४७ मा स्थापना भएको नेपाल महिला संघले महिलाको राजनीतिक र सामाजिक अधिकारको विषयलाई उठान गरेको थियो । जुन समयमा महिलाहरू घरबाट बाहिर निस्कन सक्नु नै ठूलो उपलब्धि मानिन्थ्यो । तर आजको अवस्थामा नेपाली समाजको विभिन्न आयाममा महिलाहरूले लडेर, संघर्ष गरेर उपस्थितिलाई मजबुत बनाएका छन् । यो महिलाले गर्न सक्छन् भन्ने दह्रो प्रमाण हो ।

घर कस्तो छ भन्ने बुझ्न त्यो घरको छोरी र बुहारीको अवस्था हेरे थाहा हुन्छ रे ! सायद देशको अवस्था कस्तो छ यो बुझ्नको निम्ति समग्र महिलाहरूको सामाजिक, राजनीतिक, आर्थिक, सांस्कृतिक जीवन कस्तो छ भन्ने अवस्थाले निर्धारण गर्दछ । अत: यो अवस्थामा सुधार ल्याउन समग्र महिला विचार, वाद, धर्म, राजनीति र दृष्टिकोणहरूको अन्तर विरोधबाट माथि उठेर एक हुन जरूरी छ ।

*(साभार: अनलाइनखबर)*

# राजनीतिमा पिल्सिएको ऊर्जा संकट

✍ अच्युतप्रसाद पौडेल "चिन्तन"

लोकतन्त्रले देशमा ऊर्जा संकट हट्यो भन्यो, तर कुरो झुठ रहेछ । संसारमै बढी पानी भएको देश हो हाम्रो, संसारकै महँगो, भुटानभन्दा महँगो दरको बिजुली नेपाली उपभोक्ताहरूले जबर्जस्त उपभोग गरिरहेका छन् । केही महिना अघि मात्रै सरकारको एक सय दिनको हनिमुन पिरियडमै बंगलादेशलाई बिजुली निर्यात गर्न सम्झौता भएको र केही मेगावाट त्यता बिजुली बेचेको पनि प्रगति देखाइयो । लोकतन्त्रले आफूले बोलेका कुरा सबैजसो उधारोमा परेका छन्, ऋण भने उधारोमा छैन, भकाभक उठाउने भकाभक खर्च गर्ने बस् लोकतन्त्रको ठूलो उपलब्धि अनि सकेसम्म मान्छे निर्यात गर्ने । ती निर्यात भएका मान्छेहरू खास गरी नेपाली श्रमिकहरू वैदेशिक रोजगारीमै औसतमा वार्षिक १ हजारको उतै राम नाम सत्य भएको छ, यसलाई भनौं कि लोकतन्त्रको उपहार ।

यहाँको मौसम चिसो छ, त्यो परिवेश विदेशमा अनुकूल छैन, ५५,६० डिग्री सेल्ससेससम्मको तापक्रममा श्रम गर्नु पर्ने, नजिक शौचालयको अभावले भनेको बेला लघुशंका निवारण गर्न नसक्ने, पानी पनि पर्याप्त पिउन नपाउने, भन्नासाथ अस्पतालको अभाव, धेरै समस्याहरू छन्, विदेशमा नेपाली श्रमिकलाई । आधाआधी केसहरू फदयाघात भन्दै, प्राकृतिक मरण भन्दै शव आउने र हाम्रो कूटनीति धेरै उदार, सहजै लास बुझिदिने, पोस्टमार्टम रिपोर्ट सबैको आउने नगरेको बन्दी बाकस आफन्तलाई बुझाएर संस्कार गर्ने गरिएको धेरै उदाहरण छन् । हाम्रो लोकतन्त्रले विश्वसँग आयात निर्यात खुल्ला गरेको छ । युएन पक्ष राष्ट्र पनि हो यो, तर जति निर्यात हुन्छ, आयात त कता कता धेरै छ। हो मानिस निर्यात गर्न र त्यसबाट रेमिट्यान्स कमाउन र त्यसलाई उपभोगको खर्चमा उठाउन हाम्रो लोकतन्त्र पर्याप्त सफल छ । चित्त बुझाए पनि नबुझाए पनि कटु सत्य यही हो ।

भारतलाई १० हजार मेगावाट बिजुली निर्यात गर्ने फोस्रो सम्झौता गरेको हाम्रो देशले सवा सय जति वर्षमा जम्मा २ हजार ९ सय मेगावाट बिजुली उत्पादन गरेको छ । अपुग बिजुली उतैबाट आयात गरिने हो । त्यो पनि पिक आवरमा उसले दिँदैन, भनौं बेलुकी ५ देखि ९ बजेसम्म । वर्षामा झैं यहाँ खोलामा बाढी आउँदैन, जलविद्युत योजनाहरूबाट हिउँदमा एक तृतीयांश क्षमता मात्रै उत्पादन हुन्छ । साँच्चै भन्ने हो भने अहिले हिउँदमा बिजुली उत्पादन हुने भनेको १५ सय मेगावाट औसत हो । दैनिक माग त्यो भन्दा धेरै छ र अब उद्योगहरूमा लोडसेडिंग शुरू भइसकेको छ । यसै पनि हामीसँग बिजुली प्रयोग हुने खालका उद्योग कलकारखाना नै छैनन् । डेडिकेटेड फिडर भन्नेहरूले पैसा तिरेका छैनन् ।

लोकतन्त्रले बिजुली निर्यात गरेको नाक फुलाउँदै गर्दा आ व ०८०।०८१ मा ९ सय मेगावाट बिजुली उत्पादन गर्ने लक्ष्य राख्यो । ऊर्जा मन्त्रालयले ०७५ वैशाखमा जारी गरेको श्वेतपत्रमा आगामी १० वर्षमा १५ हजार मेगावाट विद्युत् उत्पादनको लक्ष्य राखेको थियो। ऊर्जा मिश्रणको सिमा तोक्दै उसले नदी प्रवाही आयोजना ३० देखि ३५ प्रतिशत, अर्द्ध जलाशययुक्त २५ देखि ३० प्रतिशत, जलाशययुक्त ३० देखि ३५ प्रतिशत र वैकल्पिक ऊर्जा ५ देखि १० प्रतिशत उत्पादन गर्ने गरी निर्णय गरेको थियो । सपना सरहका यी उद्देश्य आइरहँदा त्यो समय पुग्न अब ४ वर्ष मात्र बाँकी छ। अहिले बिद्युत् कटौती शुरू भइसकेको छ र अपर तामाकोशीबाट उत्पादन हुने समय यो पुस १० गतेलाई राखिएको छ ।

अचम्म त के भने अस्ति तिहारसम्म बिजुली देशमा धेरै भयो, खपत भएन, खेर गइरहेको छ, अधिक प्रयोग गर्नु पर्यो भन्दै घरेलु उपभोक्तालाई भन्ने विद्युत् प्राधिकरणले अब उद्योग कल कार खाना बाहेकका घरेलु उपभोक्तालाई पनि लोडसेडिंग गर्दै अँध्यारोमा राख्न सक्छ । उज्यालो नेपाल भन्दै लोडसेडिंग मुक्त बनाउने भनिएका कुलमानलाई अब कसरी सम्बोधन गर्नुपर्ला, अझ यसो भनौं उनी बालुवाटार, सिंहदरबारको कोपभाजनमा परेकै थिए र छन्, पटक पटक लाइन काट्दा अब लाइन नकाट्ने गरी माथिबाट आदेश झरिसकेको छ । गरिबको घरमा लाइन तुरुन्तै काट्ने लोकतन्त्रले धनीको व्यवसायमा लाइन काट्न सक्दैन, किनकि उसले रोजगारी दिएको छ रे । यहाँ रोजगारी नपाएर विदेशमा लास बनिरहेको सन्दर्भमा यहाँका उद्यमीहरूले आम नेपालीलाई रोजगार बनाएका छन्, कसरी पत्याउनु, विचराहरू आफैं राजनैतिक रोजगारी खोज्दै दलको झण्डामा ओत लागिरहेका देखिन्छन्।

हाम्रो लोकतन्त्रले इतिहासको सुरक्षा गरेको छैन । वि. सं १९६८ साल जेठ ९ गतेदेखि औपचारिक सञ्चालनमा आएको नेपालको पहिलो जलविद्युत योजनालाई ऊर्जा उत्पादनको हब बनाउन सकेको छैन, बरू अर्ब खर्च गरी संग्रहालयको कुरो छ । त्यतिबेला नै ४ वर्ष लगाएर बनाइएको काठमाडौंको फर्पिंग जलविद्युत योजनाबाट ५ सय किलोवाटको विजुली निकालिएको र चन्द्रशमशेर प्रधानमन्त्री हुँदा राजा पृथ्वी वीर विक्रमले टुँडिखेलमा बत्ती बालेर उद्घाटन गरेका थिए। त्यतिबेला राजखान्दानी र राणा परिवारमा सीमित गरिएको फर्पिंग पावर हाउसको लागत ७ लाख १३ हजारको रहेको, यसले ३२४ रोपनी जग्गा चर्चेको भनिएको छ ।

वि सं २०३८ सालसम्म उत्पादन दिइरहेको ऐतिहासिक सो पावर हाउस देशको पहिलो र एसियाको दोस्रो हो । अब त्यसको नाम लियो भने लोकतन्त्रको टाउको दुख्छ । सरसर्ती हेदा हाल निजी, सरकारी र भारतीय कम्पनीसमेत गरी ४ हजार ४५२ मेगावाट क्षमताको आयोजना हाल निर्माणाधीन देखिएकाले खपत बृद्धि नभए विद्युत् खेर जाने नै देखिने हो । स्वदेशमा उद्योगधन्दाहरू नभई विजुलीको खपत हुन नसकेको र देशले आर्थिक मन्दी खेप्दै गर्दा भविष्यको रणनीति तय नगर्ने हो र विभिन्न बहाना बनाई उत्पादन बृद्धि नगर्ने हो भने भने साँच्चै आगामी १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने सरकारी लक्ष्य अधुरै हुन्छ पनि । उत्पादन सहज पनि छैन, निजि क्षेत्र भन्छ, एउटा संस्थासँग सम्झौता गरेर पुग्दैन, जल विद्युत् परियोजनाको फाइल ७ वटा मन्त्रालय, २३ वटा विभाग र सयौं टेबुलमा पुग्ने गरेको छ, प्रक्रिया नै लम्बे चौडे छ धेरै नै । कतिपय आयोजनालाई जग्गा प्राप्तिको समस्या मात्र होइन पि पि ए भइसकेकालाई वित्तीय व्यवस्थापन गर्न समेत समस्या छ । ऊर्जा मन्त्रीको दाबी छ सरकारले विद्युत् उत्पादनका समस्या सबै समाधान गर्छ ।

विकल्प नभएकाले प्राधिकरणले आयल निगमले जस्तै आफ्ना ग्राहकलाई घाँटी थिचेरै रकम असुल्छ । घरको दैनिकी निकट मात्र होइन बिजुली, अब त श्वासप्रश्वास जस्तै भएको छ, यो विना निस्प्राण हुने अवस्था छ । नाफा पनि खुब गर्छ यो, सेवा शुल्क अर्को रकम लियो, त्यो लिन नपाउने भनेपछि न्यूनतम शुल्क छुट्टै लिने गरेको पहिलोपल्ट कुलमानजी आएदेखि नै हो र यिनैले चाँडो महसुल भूक्तानी गर्दा पाउने रिवेट साविकमा पाएको ३ प्रतिशतलाई घटाएर २ प्रतिशतमा झारे । सरकारी एकाधिकार प्राप्त प्राधिकरणले बिजुली महँगोमा बेचेको छ, थुप्रै नाफा गरेको छ र पर्याप्त आपूर्ति भने गर्न सकेको छैन, बीचबीचमा आपूर्ति बन्द हुँदा औजार, उपकरणहरू धेरै बिग्रेका छन्, उपभोक्ता हित संरक्षण कानुन न आयल निगमलाई लाग्छ न विद्युत् प्राधिकरण, यी दुबै सरकार हुन्, लोकतन्त्रको आधार पिलर पनि, किनकि लोकतन्त्र धेरै महँगो छ, खर्च धान्न नै हम्मे हम्मे परेको छ ।

आ व ०७९।८० मा मात्रै १२ अर्ब ३३ करोड नाफा गरेको थियो उसले, आफ्नो कर्मचारी खर्च कटाएर पनि । विगत २ वर्षमा यसले आफ्नो स्रोतबाट ४८ अर्ब रकम प्रसारण वितरण लाइनमा खर्च गरेको भनेको छ भने सरकारी कोषमा सावाँ ब्याज र रोयल्टी गरी ३० अर्ब जम्मा पनि गरेको छ रे । गत आवमा मात्रै यसले आन्तरिक उपभोक्ताको खपतबाट ८९ अर्ब ७७ करोडको आय आर्जन, र त्यसमा बाह्य बिक्रीसमेत जोड्दा १ खर्बको आय गरेको प्रगति पनि देखायो । भारतलाई मात्रै बेचेको बिजुलीको मोल १० अर्ब ५९ करोड भन्दै प्रफुल्लित हुँदै अब त प्राधिकरण ऐन २०४१ मुताविक उसले सर्वसाधारणका लागि शेयर पनि जारी गर्ने भनिदियो। यसरी फुर्क्याउने प्राधिकरण किन निचोरिँदैछ र लोडसेडिंग भन्दैछ ।

लामो समयदेखि नाम फरक भए पनि यहींका उस्तै दाजुभाइहरूले सरकार चलाएका छन् । ४६को परिवर्तनपछि अधिकांश समय लोकतन्त्रवादी नेपाली कांग्रेसले देशमा सरकार चलाएको हो । सबैजसो सरकारमा आफूलाई वापपन्थी भन्ने कम्युनिष्टहरूले सत्ताको साझेदारी गरी नै रहे । यस अघि पनि पटक पटक कम्युनिष्ट आफूले पनि सरकारको नेतृत्व गरेको हो, अहिले पनि गरेकै छ, तर सन्तोष कतै छैन । दुई तिहाईको कम्युनिष्ट सरकार पनि हेरियो । लोकतन्त्रको छुट्टै नमुना परमादेशमा पनि सरकार बन्यो । कम्युनिष्ट भन्नु यथास्थितिबाट माथि उठेर अग्रगमन भनौं प्रगतिवादी भनी विद्यालयदेखि नै हामीले पढ्दै आएका हौं, र माओको शिक्षा थियो कि जनताको एक टुक्रा धागो पनि नलिनू, एउटा सियोको टुप्पो बराबरको अंशमा पनि आँखा नगाड्नू बाल्यकालदेखि विश्व विद्यालयका ठेलीहरूमा हामीले पढेको यही थियो, तर अहिले त्यही विश्वविद्यालय नजिक नजिक मीनभवन मुख्यालय बन्न हाम्रो अदालतले सदर भनेको छ ।

दाता छोडेर हाम्रो लोकतन्त्रले अदातालाई राम्रो सुख सुविधा दिन्छ भनी अब पत्याउन नसकिने भएको छ, किनकि दैनिकी बजार यति असहज छ, करको मार यति ठूलो छ, धान्न नसकेरै मान्छे विदेसिएका हुन् र गाउँघर लगभग रित्तो छ, मलामी वा जन्ती पाइन छाडे, उब्जनी त कता हो कता । दलहरूको राजसी शैली देखेर जनता भने वाक्क दिक्क भएका छन् । चीनका महमहिमले केही बेर काठमाडौंको भ्रमण गरेर सुशासन र पारदर्शिताका विषयमा के भनेर गएका थिए बिर्सियो, पटक पटक उतै गएर पनि ढोग भेट भयो बुद्धिमा बिर्को खुलेको छैन । ओबामाले छोरी पढाउन जागिर खाने, डेनमार्ककी प्रम कार्यालय जाँदा साइकल चढ्ने, हेरौं त लाज पचाएका यहाँका नेताहरूको राजसी शैली, सुरक्षा खर्च कत्रो, पद छोडेपछि सरकारी आबास र सुबिधा अनि सवारी साधन, विदेशबाट ल्याएको तेल अनि काम भने दलकै गर्ने । यहाँ दलका मानिसहरूले नै घर, जग्गाको क्रयबिक्रय गराएका छन् बढी मुल्य गराएर, जग्गा प्लटिंगमा दलकै मान्छे छन्, केन्द्रदेखि स्थानीय तहसम्मको ठेक्का पट्टामा दलकै मान्छे छन् ।

*(साभार: न्यूज अफ नेपाल)*

# शहरमा किन बढ्दैछ कुकुरको टोकाइको बिगबिगी ?

काठमाडौं/'कुकुरले टोक्यो' भन्दै रेबिजविरुद्धको सुई लगाउन आउनेहरुको पंक्ति बढेको छ । एक घाइते भन्दै थिए- 'घरमा आगो तापेर यसै बसिरहेको बेला कतैबाट कुकुर आएर टोक्यो ।' उनको चिउँडोमा कुकुरले टोकेको घाउ थियो । बल्खु क्षेत्रमा सोही दिन अरु ६-७ जनालाई कुकुरले टोकेको उनले बताए । सरुवारोग विशेषज्ञ डा. शेरबहादुर पुनसँग उनी भन्दैथिए- 'त्यो कुकुर आक्रमक र बिरामी जस्तो देखिन्थ्यो ।'




त्यस्तै संतुगलकी एक महिला कुकुरले टोकेपछि रेबिज विरुद्धको खोप लिन टेकु आइपुगिन् । उनले संतुगल क्षेत्रमा सोमबार मात्रै १० जनालाई र आइतबार ६ जना बालबालिकालाई कुकुरले टोकेको सुनाइन् । केही दिनदेखि नख्खु, कीर्तिपुर-बल्खु, हरिसिद्धि लगायत क्षेत्रबाट कुकुरले टोकेर रेबिज विरुद्धको खोप लगाउन अस्पताल आइपुगेको डा. पुन बताउँछन् ।

पछिल्ला दिनमा रेबिज विरुद्धको खोप लगाउने संख्यामा निकै वृद्धि भएको अस्पताल प्रशासनको तथ्यांकले देखाएको छ । 'हप्ता दिन अगाडिसम्म दैनिक जनावरको टोकाइबाट औसतमा १०० जना अस्पताल आउने गरेकोमा हाल १८० सम्म पुगेका छन्,' डा. पुनले भने । 'सबैभन्दा बढी कुकुरको टोकाइबाट आउने गरेपनि पछिल्लो समय बिरालोले समेत टोकेर-चिथोरेर घाइतेहरु खोप लगाउन आउनेहरुको क्रम बढ्दो छ,' डा. पुनले भने, 'त्यसबाहेक मुसा-छुचुन्द्रो, स्याल जस्ता जनावरले टोकेर आउँछन् ।'

### घरपालुवा कुकुरबाट सतर्क रहनुपर्छ

संक्रमितको संख्या बढ्दै जाँदा सरकारको सन् २०३० सम्म मुलुकबाट रेबिज उन्मूलन गर्ने लक्ष्य पूरा हुने सम्भावना न्यून बन्दै गएको छ । सरकारी लक्ष्यअनुसार रेबिज संक्रमित बिरामीको संख्या क्रमश: घट्नुपर्ने हो तर संक्रमितको संख्या बढ्दै गएको अस्पतालको तथ्यांकले देखाउँछ । सरकारले एन्टी-रेबिज खोप नि:शुल्क वितरण गर्दै आएको छ । तर अधिकांश बिरामीलाई रेबिजविरुद्धको खोप नि:शुल्क पाइन्छ भन्ने जानकारी समेत चिकित्सक बताउँछन् । सरकारी लक्ष्यलाई चुनौती दिंदै रेबिजका बिरामी देखिने क्रम बढ्दै गएको चिकित्सकहरू बताउँछन् ।

पछिल्लो समय घरमा पनि कुकुर पाल्ने चलन बढ्दै गर्दा सोही घरपालुवा कुकुरको टोकाइपछि खोप लगाउन आउनेको संख्या पनि बढिरहेको छ । डा. पुनका अनुसार अस्पतालमा रेबिजको सुई लगाउन आएका मानिसको सोधखोज गर्दा कतिपयलाई घरमै पालेको कुकुरले टोक्ने गरेको पाइएको छ ।

'अधिकांश मानिस कुकुरले टोकेपछि निजी क्लिनिकमा टिटानसको सुई लगाएर म ढुक्क छु भन्ने गरेका छन्,' डा. पुनले भने, 'तर त्यस्ता व्यक्तिमा दुई-तीन महिनापछि रेबिजका लक्षण देखिएका छन् ।' चिकित्सकका अनुसार रेबिज भयावह बन्दै गएको छ । टेकु अस्पतालका मात्रै रेबिजले वर्षेनी ३० देखि ३५ जनाको मृत्यु हुने गरेको तथ्यांक छ ।

'रेबिजलाई धेरै वास्ता गरेको देखिँदैन । हामीसँग अस्पतालमा आइपुगेकाहरूको तथ्यांक हुन्छ । तर अभिलेखमै नआई धेरै मरेका हुन सक्छन्,' डा. पुन भन्छन् । डा. पुनले थपे, 'रेबिज रोगबाट थाहा भएपनि खोप लगाउन नआएको वा आनाकानी गर्दा मृत्यु भएका घटना छन् ।' टेकु अस्पतालका पूर्वनिर्देशक डा. सागर राजभण्डारीका अनुसार रेबिजबाट मृत्यु हुनुको प्रमुख कारण स्वास्थ्यकर्मीले राम्रोसँग बुझाउन नसक्नु हो । 'रेबिज विरुद्धको खोप धेरै अस्पतालमा छैन । निजी अस्पतालमा रकम मात्रै खोज्छन् तर राम्रो परामर्श गर्दैनन्,' डा. भण्डारी भन्छन्, 'जनावरले टोकेको मानिसलाई राम्रो सल्लाह दिएको भए यो अवस्था आउने थिएन । जनावरले टोक्दा अनिवार्य रुपमा खोप लागाउनैपर्ने हुन्छ ।'

त्यसैले टिटानसको सुई लगाएर म ढुक्क भएँ भनेर कसैलाई पनि भ्रममा नपर्न उनी आग्रह गर्छन् । 'कुकुर घरमा बस्छ, त्यसैले खोप आवश्यक छैन भन्ने गलत सोच पनि मानिसमा पाइन्छ,' उनी भन्छन्, 'घाउ सानो छ । घरमै पालेको कुकुरले टोकेको हो भनेर भ्रममा नपर्नुहोला ।'

घाउ निको भइसक्यो, खोप थप चाहिँदैन भन्ने धारणा पनि पाइने भएकाले उनी सबैलाई गम्भीर बन्न आग्रह गर्छन् । रेबिज संक्रमण भएका जनावरले मानिसलाई टोकेमा त्यस्ता जनावरको र्‍यालबाट रोग सर्न सक्छ । रेबिज भाइरस शरीरमा प्रवेश गरेपछि फैलिन 'केही दिनदेखि महिनौंसम्म' पनि लाग्न सक्ने चिकित्सक बताउँछन् । रेबिज भाइरस शरीरमा प्रवेश गरेपछि त्यसको विकास भएर संक्रमण हुने समय अरू रोगको तुलनामा अलि लामो हुन्छ । रेबिज लागेर गम्भीर अवस्थामा पुगिसकेपछि मृत्युबाहेक विकल्प छैन ।

'संक्रमित कुकुर वा अन्य जनावरले टोकेको नौ दिनदेखि तीन महिनासम्ममा लक्षण देखिन्छ,' डा. पुनले भने, 'कुकुरले टोक्दैमा तुरुन्तै रेबिज हुन्छ भन्ने हुँदैन । कुकुरको टोकाइको एक वर्षपछि रेबिज भएर मृत्यु भएका घटना पनि छन् ।' स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार ९३ प्रतिशत कुकुरको टोकाइ र ७ प्रतिशत अन्य जनावर (बाँदर, स्याल, चमेरो)को टोकाइबाट मानिसमा रेबिज लाग्ने गरेको छ ।

वर्षेनी ५० हजारभन्दा बढी मानिस कुकुरको टोकाइको मन्त्रालयको तथ्यांक छ । स्वास्थ्य मन्त्रालयका अनुसार सबैभन्दा बढी बालबालिका रेबिजको जोखिममा छन् । ४० प्रतिशत १५ वर्षमुनिका बालबालिकामा रेबिजको समस्या देखिएको मन्त्रालयले जनाएको छ ।

### के हो रेबिज ?

रेबिज शतप्रतिशत प्राणघातक रोग हो । त्यसैले यो जनस्वास्थ्यमा ठूलो खतरा र चिन्ताको विषय बनेको छ । यो रोग भाइरस (ह्र्याब्दो परिवारको लिसा भाइरस)बाट हुन्छ । सुरूमा जनावरका र्‍यालमा रहेका भाइरस जनावरको टोकाइबाट घाउमा पुग्छ । यो भाइरस रगत र लिम्फबाट नभई छालामुनिको भित्री तन्तु र मांसपेशी हुँदै परिधीय स्नायु, मेरुदण्ड र अन्त्यमा गिद्दीसम्म पुग्छ ।

रेबिज भाइरसले केन्द्रीय स्नायु प्रणालीमा संक्रमण गर्छ । त्यसैले मानिसमा 'एकपटक सङ्क्रमण भइसकेपछि' रेबिजका बिरामीलाई बचाउन नसकिने चिकित्सक बताउँछन् । गिद्दीमा संक्रमण भएपछि मात्र विशेष लक्षण देखिन्छन् । अन्त्यमा, गिद्दीका मसिना स्नायुबाट भाइरस र्‍यालका ग्रन्थी, छाला, आँखाको कोर्निया र अन्य अंगमा पुग्छ । र, यस्ता संक्रमित जनावारले टोक्दा र्‍यालका ग्रन्थीमा भएको भाइरस फेरि अर्को जनावारको शरीरमा प्रवेश गर्छ ।

रेबिजविरुद्धको खोप नेपाल सरकारले नि:शुल्क प्रदान गरेपनि त्यसप्रतिको बेवास्ताका कारण रेबिजले नेपालीको ज्यान लिइरहेको डा. राजभण्डारी बताउँछन् ।

### खोपलाई लिएर अन्योल

जनावरको टोकाइबाट घाइते हुनेहरुमा खोपको दिने मात्रालाई (डोज) लिएर अन्योल रहेको डा. पुन बताउँछन् । उनका अनुसार फार्मेसी वा अरु निजी स्वास्थ केन्द्र वा अस्पतालमा अहिले पनि रेबिज विरुद्धको खोप पाँचपटक लगाउन सुझाव दिने गरिन्छ, जबकि यस अस्पतालमा (वा सरकारी स्वास्थ केन्द्र वा अस्पतालमा) भने चारपटक मात्र दिने गरिन्छ ।

अझ छालामुनि (इन्ट्रा दर्मल) दिने विधिबाट त तीनपटक मात्र दिने गरिन्छ । छालामुनि (इन्ट्रा दर्मल) दिने विधिबाट एकपटकमा दुवै पाखुरामा दिने गरिन्छ । पहिले कुनै पनि समयमा खोपको मात्रा पूरा (डोज) गरेको भए दुईपटक (दुई मात्रा) मात्र लगाए पुग्छ ।

'जटिल वा धेरै ठाउँमा गहिरो घाउ भएको अवस्थामा लगाउने 'रेबिज इम्युनोग्लोबुलिन' खोप पनि पहिला कुनै समयमा खोपको मात्रा पूरा गरेका भए आवश्यक पर्दैन,' डा. पुन भन्छन् । जनावरले टोकेको २४ वा ४८ घण्टाभित्र खोप लगाउनुपर्छ भन्ने भ्रम धेरैमा छ । रेबिजविरुद्धको खोप टोकेको जतिसक्दो चाँडो लगाउनुपर्छ । त कुनै कारणले केही दिन ढिला भएको अवस्थामा पनि खोप लगाउन सकिन्छ ।

### लक्षण

- हावा र पानीदेखि बिरामी डराउनु रेबिज रोग लागेको सबैभन्दा पहिलो लक्षण हो ।
- जनावरले टोकेको ठाउँमा चिलाएको अनुभव हुनु ।
- झमझम गर्नु ।
- ज्वरो आउने, टाउको र घाँटी दुख्ने
- पानी पिउन असहज महसुस हुने
- उत्तेजित हुने

### कुकुरमा देखिने लक्षण

- जथाभावी टोक्ने
- र्‍याल काढ्ने
- मुखमा फिंज आउने
- पानीदेखि तर्सिने
- अनावश्यक दौडिने, घोक्रे स्वर बनाएर भुकिरहने हुन्छ

'विशेषगरी रेबिज भएको कुकुर पानीदेखि डराउँछ । मान्छेलाई टोक्दै हिंड्छ,' डा. पुन भन्छन् ।

### जनचेतना आवश्यक

नेपालले सन् २०३० सम्ममा कुकुरबाट मानिसमा सर्ने रेबिजलाई शून्यमा झार्ने प्रतिबद्धता नेपालले जनाएको छ । यसको रोकथाम र नियन्त्रणका लागि प्रभावकारी काम गर्न सकेको देखिँदैन । सरकारले गरेको प्रतिबद्धतालाई जनावरको टोकाइपछि खोप लगाउन नआउने वा आनाकानी गर्ने व्यवहारले चुनौती दिएको चिकित्सक बताउँछन् ।

डा. पुन भन्छन्, 'कुकुर (वा जनावर)ले टोकेर घाउ सानो देखिंदा केही हुँदैन भनेर खोप नलगाउँदा रेबिज संक्रमित भएका धेरै उदाहरण छन् ।' रेबिज नियन्त्रणका लागि कुकुरको बन्ध्याकरण तथा रेबिजविरुद्धको भ्याक्सिन नै हो । सबैभन्दा पहिले त मानिसलाई रोगबारे चेतना हुनु आवश्यक छ । जनावरले टोकेको थाहा पाउनासाथ जतिसक्दो छिटो रेबिजको सुई लगाउन आवश्यक छ ।

'रेबिजको संक्रमण मांसपेशी हुँदै नसामा फैलियो भने यसको कुनै उपचार छैन । त्यसैले खोप नै यो रोग लाग्नबाट बचाउने एक मात्र उपाय हो,' डा. पुन भन्छन्, 'कुकुरले हातको नसामा टोकेमा, गहिरो घाउ बनाएमा र घाँटी भन्दा माथि टोकेको छ भने तुरुन्त एमोनोग्लोबिन खोप पनि लगाउनुपर्छ ।'

समुदायमा रहने सबै कुकुर बहुला हुँदैन वा आफूलाई आक्रमण नगरेसम्म जथाभावी टोक्दैन । तर कहिले कहिले शंकास्पद बहुला कुकुरले जथाभावी टोक्दै हिंडेको अवस्थामा त्यस्तो कुकुर वा जनावरको व्यवस्थापनमा द्रुत प्रतिकार्य हुनुपर्छ ।

रेबिज विरुद्धको खोप विगतको तुलनामा हाल सहज र नि:शुल्क हुँदा पनि दुई दशक अगाडि भन्दा हाल रेबिज बिरामीको संख्या अझै बढ्दो देखिन्छ । रेबिजको चुनौतीलाई अझै पनि बेवास्ता गर्दा आगामी वर्षमा रोगले थप विकराल रुप नलेला भन्न नसकिने डा. पुन बताउँछन् ।

### किन टोक्छ कुकुरले ?

कुकुरले स्वभावत: मान्छेलाई टोक्दैन । मान्छेसँग मिलेर बस्ने प्राणी हो यो । सदियौंदेखि मान्छे र कुकुर एकसाथ बस्दै आएका छन् । यद्यपि बेलाबखत कुकुरले मान्छेलाई आक्रमण गर्दै आएको सुनिन्छ । खासगरी रेबिज संक्रमण भएपछि कुकुरले मान्छेलाई जथाभावी टोक्ने गर्छ । रेबिज आफैंमा घातक संक्रमण हो ।

त्यसबाहेक सामान्य वा घरमा पाल्दै आएको कुकुरले पनि कहिलेकाहीं टोक्न सक्छ । शारीरिक, मानसिक रुपमा स्वस्थ कुकुरले हत्तपत्त मान्छेलाई टोक्दैन । तर यदि मान्छेले कुनै कुकुरलाई यातना दिएको छ, कुटपिट गरेको छ, सताएको छ भने उनीहरुले आत्मरक्षाका लागि मान्छेमाथि आक्रमण गर्न सक्छ ।

कति मान्छेले कुकुरलाई बाँधेर, केज वा खोरमा थुनेर राख्ने गर्छन् । यस्ता कुकुरहरु पनि आक्रमक हुन्छन् । साथै सडक, चोकमा बसेका भोका कुकुरहरुलाई कुटपिट गरेको, तर्साएको छ भने उनीहरुले मान्छेलाई आक्रमण गर्न सक्छन् ।

*(स्रोत: अनलाइनखबर)*

# चाडबाड सकिनासाथ ह्वात्तै बढे काम खोज्दै विदेशिने नेपाली

काठमाडौं/नेपालमा मुख्य चाडबाड सकिएसँगै कामको खोजीमा विदेशिने नेपालीको संख्या ह्वात्तै बढेको छ । मंसिर २०८१ मा ८४ हजार २ सय २६ जनाले श्रम स्वीकृति लिएको वैदेशिक रोजगार विभागले जनाएको छ । यसमध्ये ८ हजार ६ सय ७१ महिला छन् । यो चालु आर्थिक वर्ष २०८१/८२ को पाँच महिनामा सबैभन्दा बढी नेपाली विदेशिएको महिना हो ।



मंसिरमा विदेशिने नेपालीको संख्या २०८० मंसिरको तुलनामा समेत धेरै हो । विभागका अनुसार सो वर्ष मंसिरमा ७१ हजार २ सय ७६ नेपालीले नयाँ तथा पुन: श्रम स्वीकृति लिएको तथ्यांक छ ।

यस वर्ष असोजमा ५३ हजार ५ सय २५ र कात्तिकमा ७० हजार ९ सय ९० जना कामको खोजीमा विदेशिएका छन् । यी दुई महिनामा दसैं, तिहार र छठजस्ता मुख्य चाडपर्व पर्ने गर्छन् ।

### पाँच महिनामा विदेशिए सवा ३ लाख नेपाली

चालु आव पहिलो पाँच महिनामा सवा ५ लाख नेपालीले श्रम स्वीकृति लिएको विभागको तथ्यांकमा देखिन्छ । विभागका अनुसार साउनदेखि मंसिरसम्म ३ लाख २५ हजार ८ सय ९ जनाले नयाँ तथा पुन: श्रम स्वीकृति लिएका हुन् ।

यस वर्ष साउनमा ५९ हजार ५ सय ७५ र भदौमा ५७ हजार ४ सय ९३ हजारले श्रम स्वीकृति लिएका थिए । गत वर्ष पहिलो पाँच महिनामा २ लाख ७७ हजार ५ सय ९२ नेपालीले श्रम स्वीकृति लिएका थिए ।

### यूएई र साउदीमा नेपालीको आकर्षण

यस वर्ष मंसिरमात्र यूएईमा २४ हजार ७ सय ६९ जनाले नयाँ तथा पुन: श्रम स्वीकृति लिएका छन् । जसमा २ हजार ८ सय ८२ महिला छन् ।

दोस्रो आकर्षण साउदी अरबमा देखिन्छ । त्यहाँ १८ हजार १ सय १५ जनाले श्रम स्वीकृति लिएका छन् । जसमा ७५ महिला छन् । कतारमा १४ हजार ८ सय ४४ जनाले श्रम स्वीकृति लिएका छन् । जसमा १ हजार १ महिला रहेको तथ्यांकमा देखिन्छ ।

मलेसियाको रोजगारी भने निरन्तर ओरालो लागेको देखिन्छ । मलेसियामा मंसिरमा मात्र ४ हजार ४ सय ६९ जनाले श्रम स्वीकृति लिएका छन् । कुवेतमा ६ हजार ६ सय ९०, जापान २ हजार ३ सय ७१ र कोरियाका लागि १ हजार २ सय २५ जनाले श्रम स्वीकृति लिएको तथ्यांक छ ।

मंसिरमा विदेशिनेमध्ये सिरहाका ३ हजार २ सय ९३, सर्लाही २ हजार ४ सय ५४, रुपन्देही २ हजार ६ सय ५४, सुनसरी २ हजार ७ सय ५३, स्याङ्जा १ हजार ७ सय ८० र मनाङका १५ जना छन् । सबैभन्दा धेरै धनुषाका ४ हजार ३ सय ७३ जना विदेशिएको तथ्यांक छ । यस महिना विदेशिएका मध्ये अदक्ष कर्मचारीका रूपमा २१ हजार ७ सय १६ जनाले श्रम स्वीकृति लिएका छन् । तीमध्ये २ हजार ३ सय ४० महिला छन् ।

*(स्रोत: रातोपाटी)*

# विभिन्न समुदायको कथामा काम गर्न पाउँदा भाग्यमानी ठान्छु : दयाहाङ

काठमाडौं/अभिनेता दयाहाङ राईले फिल्ममा विभिन्न समुदायको चरित्रमा काम गर्दै आइरहेका छन् । उनले थारु, मगर, तामाङ, राई, लिम्बू जस्ता समुदायको चरित्र बाँचिसकेका छन् । यसैले पनि अचेल उनलाई 'सांस्कृतिक हिरो' भन्न थालिएको छ । अब यही पुष २६ गतेबाट सार्वजनिक प्रदर्शनको तयारीमा रहेको फिल्म 'कार्साङ'मा उनी शेर्पा चरित्रमा प्रस्तुत छन्, जो पेशाले झाँकी हुन्छन् ।



विभिन्न समुदायको कथामा काम गर्न पाइरहेकोमा दयाहाङ आफूलाई भाग्यमानी महसुस गर्छन् । मंगलबार मूलपानीको एक चौरमा 'कार्साङ'को 'छुपुमा छुपु' गीत छायांकनको क्रममा उनले सञ्चारकर्मीसँग भने, 'विभिन्न ठाउँ, समुदाय र मानिसको कथामा काम गर्न पाउँदा मलाई एकदमै आनन्द आउँछ । मैले त्यो पाइराखेको पनि छु र आफूलाई भाग्यमानी महसुस पनि गर्छु ।'

'कार्साङ' शेर्पा समुदायको कथामा बनेको हो । तर, यो सबै शेर्पाहरुको कथा भने नहुन सक्ने दयाहाङको बुझाइ छ । 'यो सम्पूर्ण शेर्पाहरुकै कथा नहुन सक्छ । एउटा भूगोलको कथा चाहिँ हो,' उनी अगाडि भन्छन्, 'फिल्मको कथा निर्देशक यम शेर्पा जुन गाउँ (सिन्धुपाल्चोक)मा हुर्कियो, त्यहींको जीवनशैलीसँग सम्बन्धित छ । यसमा सांस्कृतिक कुराहरु पनि आएको छ, जुन रमाइलो छ ।'

दयाहाङ 'कार्साङ'लाई परिवारबीचको सम्बन्धको कथाको रुपमा अर्थ्याउँछन् । नेपाल भौगोलिक र सांस्कृतिक हिसाबले विविधता भएको देश भएकाले एउटै परिवारको कथा पनि एउटा भूगोलमा कसरी हेरिन्छ र त्यहाँ मानिसहरूले कसरी जीवन विताइरहेका छन् भन्ने चिज फिल्मले देखाउने उनको भनाइ छ । फिल्मको यो पक्ष दर्शकलाई नयाँ लाग्छ भन्ने उनलाई विश्वास छ ।

'कार्साङ'मा दयाहाङको जोडी अभिनेत्री सिर्जना निङलेखुसँग बाँधिएको छ । उनी दयाहाङको ठूलो प्रशंसक हुन् । पहिलो फिल्ममै आफ्नो 'आइडल'सँग काम गर्न पाउँदा उनी खुसी देखिन्छिन् । भन्छिन्, 'मलाई 'कार्साङ'प्रति ठूलो अपेक्षा छ । पहिलो फिल्ममै दया दाईसँग काम गर्न पाएँ । पहिल्यैदेखि उहाँसँग काम गर्ने रहर थियो । त्यो रहर पूरा भएकोमा खुसी छु ।'

निर्देशक यम शेर्पा भने दयाहाङ भएका कारण फिल्म 'ब्लकबस्टर' हुनेमा निश्चिन्त देखिन्छन् । 'फिल्ममा पहिलो रोजाइ नै दया दाई हुनुहुन्थ्यो । उहाँ भएपछि फिल्म 'ब्लकबस्टर' पनि भइहाल्छ । फिल्म ब्लकबस्टर हुन्छ भनेरै चाहिँ उहाँलाई लिएको होइन । कथाले नै उहाँलाई खोजेको हो,' उनले स्पष्ट पारे । यो उनको पहिलो निर्देशकीय फिल्म हो । यसमा उनी स्वयंको लेखन पनि रहेको छ ।

# प्रदीपको 'ऐरी': बन्छ कि थन्कियो ?

काठमाडौं/नेपालमा फिल्मको घोषणा जुन हिसाबमा हुन्छ, त्यो अनुपातमा निर्माण भएको पाइँदैन । धेरै फिल्म घोषणामै सीमित हुने गरेका छन् । अभिनेता प्रदीप खड्काको मुख्य भूमिका रहने भनिएको फिल्म 'ऐरी' पनि गत वर्षको मंसिरमा घोषणा गरिएको थियो । र, सन् २०२४ मा रिलिज लक्ष्य राखिएको थियो । तर, घोषणको एक वर्ष वितिसक्दा पनि अझैसम्म फिल्म निर्माण हुन सकेको छैन ।




फिल्मको घोषणा हुँदा हिन्दी, अंग्रेजी, तमिल र नेपाली भाषामा फिल्म बन्ने जानकारी गराइएको थियो । फिल्मको चरित्रका लागि प्रदीपले तयारी पनि सुरु गरिसकेका थिए । 'पूजार सार्की'मा देखिएको उनको लामो कपाल 'ऐरी'कै लागि थियो । उनले शरीर पनि सुगठित बनाएका थिए । तर, फिल्मको छायांकन नै सुरु हुन सकेन । यसपछि प्रदीपले अरु फिल्मलाई समय दिए ।

घोषणा भएको एक वर्ष बढी भइसक्दा पनि 'ऐरी' निर्माण नहुँदा अब यो फिल्म नबन्ने अड्कलबाजी भइरहेको छ । तर, फिल्मका निर्देशक जीवन थापाले यसै वर्ष छायांकन हुने दाबी गरेका छन् । यतिबेला प्रि-प्रोक्सनको काम भइरहेको र आगामी चैतबाट छायांकन गरिने उनले जानकारी दिए । प्रदीप पनि भर्खर फुर्सद भएकाले अब काम तीव्र रुपमा अगाडि बढ्ने उनको भनाई छ ।

उनले भने, 'फिल्म ठूलो क्यानभासमा बन्दैछ । यसैले प्रि-प्रोडक्सनमा समय लाग्यो । प्रदीपजी पनि बल्ल फ्रि हुनुभयो । अब हामी छायांकनको तयारीमा जुटेका छौं । सम्भवत: चैतबाट छायांकनमा जान सक्छौं ।' उनका अनुसार प्रदीपले फिल्मको चरित्रका लागि केही केजी तौल घटाउनुपर्नेछ । त्यसका लागि उनले तयारी सुरु गरिसकेको निर्देशक थापाले बताए ।

फिल्ममा प्रदीपसहित भुटानी मुलका बलिउड अभिनेता सांगे सेल्ट्रिमको पनि अभिनय रहनेछ । फिल्म 'राधे'बाट बलिउडमा डेब्यु गरेका उनी 'जवान'मा पनि देखिएका थिए । उनले केही भुटानी फिल्ममा समेत काम गरेका छन् । एक्सन जनरामा बन्न लागेको 'ऐरी'मा प्रदीप सिकारीको भूमिकामा हुनेछन् । गत वर्ष उनलाई प्रस्तुत गर्दै फिल्मको फर्स्टलुक पोस्टर सार्वजनिक गरिएको थियो ।

# कस्तो चल्यो सौगातको 'बमबहादुर' ?

काठमाडौं/यस वर्षको बैशाखदेखि कात्तिक महिनासम्मको समय नेपाली फिल्मका लागि सानदार रह्यो । यो अवधिमा करिब एक दर्जन फिल्म व्यावसायिक रुपमा सफल भए । व्यापार मात्र एक अर्बमाथि भयो । एक वर्ष पनि नपुग्दै यो किसिमको व्यापार भएको नेपाली फिल्मको इतिहासमै पहिलो पटक हो । यसैले यतिबेला धेरैले नेपाली फिल्मको 'स्वर्ण युग' सुरु भएको विश्लेषण गरिरहेका छन् ।



तर, कात्तिकसम्म उत्साहपूर्ण रहेको नेपाली फिल्मको व्यापार मंसिरदेखि सेलाएको छ । र, फिल्म रिलिजमा पनि कमी आएको छ । मंसिरमा जम्मा दुई फिल्म रिलिज भए, 'तेल भिसा' र 'अग्निदहन' । यी दुवैले अपेक्षित व्यापार गर्न सकेनन् । बरु मंसिर २० गते आएको साउथ फिल्म 'पुष्पा २'ले नेपालमा सुनामी ल्यायो । यसैको डरले पनि मंसिरमा अरु नेपाली फिल्म आएनन् ।

यही पुष ५ गते भने एक महिनापछि हलमा नयाँ नेपाली फिल्म लाग्यो । त्यो हो, 'बमबहादुर' । चिसो मौसम सुरु भएसँगै चिसिएको नेपाली फिल्मको व्यापारलाई यसले तताउने अपेक्षा गरिएको थियो । तर, नामजस्तो बक्स अफिसमा फिल्म बहादुर बन्न सकेन । पहिलो दिनदेखि नै दर्शक अभाव हुँदा प्राय: हलले फिल्मलाई दुई दिनमै उतारे । अहिले फिल्मलाई देशभर ३/४ वटा मात्र शो छ ।

यसमा अभिनेता सौगात मल्ल मुख्य भूमिकामा छन् । यस वर्षका लागि उनको यो पहिलो रिलिज फिल्म थियो । तर, बोहनी नै राम्रो हुन सकेन । दुई दिनमै फिल्म हलबाट उत्रनुले उनको स्टारडममाथि समेत प्रश्न उठेको छ । यद्यपि, उनलाई 'बमबहादुर'बाट ठूलो अपेक्षा थिएन भन्ने कुरा रिलिजअघि नै देखिन्थ्यो । उनी प्रचारमा जम्मा एक दिन मात्र देखिएका थिए ।

त्यसो त सौगातलाई फिल्मको असफलता बानी परि सकेको छ । उनका फिल्म वर्षेनि हिटभन्दा ज्यादा फ्लप नै भइरहेका हुन्छन् । यद्यपि, कुशल अभिनयका कारण उनी कामविहीन हुनुपरेको छैन । अहिले पनि उनको हातमा लगभग एक दर्जन फिल्म छन् । उनलाई सेड्युल मिलाउनै हम्मेहम्मे परेको छ । यसरी हेर्दा उनलाई फिल्मको असफलताले करिअरमा कुनै असर गरेको देखिँदैन ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*
*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*
*tonerhouse_htd@yahoo.com*

# एमालेका मन्त्री र सांसदलाई सुशासनसम्बन्धी तालिम

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/नेकपा एमाले बागमती प्रदेशका सांसदहरुलाई सुशासन अध्यापन गराउन सुरु गरिएको छ । एमाले बागमती प्रदेशका सांसदलाई भ्रष्ट्राचार नियन्त्रण तथा आर्थिक पारदर्शिता र सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी बनाउन सुशासन पढाउन सुरु गरेको हो ।



एमाले बागमती प्रदेश संसदीय दलले सांसदलाई सुशासन र संस्थागत विश्लेषण तालिम सुरु गरेको हो । अगामी पुस १२ गतेसम्म एमाले बागमती प्रदेशका सांसदलाई सुशासन र संस्थागत विश्लेषण तालिम दिने भएको छ । एमाले उपाध्यक्ष गुरुप्रसाद बरालको प्रमुख आतिथ्यतामा मंगलवार प्रदेशसभा सचिवालय हेटौंडामा सुरु भएको तालिमलाई बेलायतमा रहेर परराष्ट्र मामिला तथा सुशासनका विषयमा काम गर्दै आएका चन्द्रकान्त अधिकारीले प्रशिक्षण दिनेछन् ।

तालिमको उद्घाटन गर्दै एमाले उपाध्यक्ष बरालले पछिल्लो समय राजनीतिक दलको मुद्दा रुपान्तरित भइरहेको बताए । विगतमा व्यवस्था परिवर्तन संविधान निर्माणलाई मुद्दा बनाएका राजनीतिक दलले हाल लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नुपर्ने मुद्दा लिएर अघि बढेको उनले बताए । उनका अनुसार व्यवस्था परिवर्तनसँगै आगामी यात्रा विकास समृद्धि र सुशासनको बुलन्द गर्नुपर्ने अवस्था रहेको बताए ।

यो विषयमा भूमिका निर्वाह गर्न एमालेका नेता कार्यकर्ता तथा जनप्रतिनिधिको दायित्व रहेको उनको भनाई छ । 'हामीलाई सुशासनका मामलामा राष्ट्रका नागरिक र अन्तर्राष्ट्रियस्तरबाट मूल्यांकन गरिरहेका छन् । विभिन्न विधि प्रक्रियाबाट हामीले मूल्यांकनको सामना गरिरहेका छौँ । सुशासनमा नेपालको स्थिति राम्रो छैन । अब एमालेका नेता, मन्त्री, सांसद र जनप्रतिनिधिले सुशासनको अवस्था उकास्न भूमिका खेल्नु पर्दछ' उनले भने ।

उपाध्यक्ष बरालका अनुसार सुशासनका विषयमा विश्व बैंकको मार्किङ, विश्व अर्थतन्त्र, वर्टेलस्मन फाउन्डेसन, ग्लोवल इन्साड, विश्व जस्टिस प्रोजेक्ट र भेराइटिज अफ डेमोक्रेसी लगायतले नेपालको सुशासनको अवस्थालाई नियालिरहेका छन् ।

भ्रष्टाचारको सूचक र नेपालको स्थितिबारे उक्त संस्थाले मूल्यांकन गरिरहेका उनले बताए । ती निकायले करप्सन पर्सेप्सन इन्डेक्स भ्रष्टाचार अनुभूति सूचकमा नेपाललाई अधिकतम ३५ र न्यूनतम ३१ अंक दिएको उनको भनाई छ ।

# नेपाल जेसीजको उपाध्यक्षमा कार्की, महासचिवमा श्रेष्ठ

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/नेपाल जेसीज वर्ष २०२५ को राष्ट्रिय उपाध्यक्ष पदमा पालुङका संगम कार्की विजयी भएका छन् । महासचिवमा हेटौंडाका विकेशलाल श्रेष्ठ मनोनित भएका छन् ।

सुनसरीको इटहरीमा सम्पन्न नेपाल जेसीजको ५१ औं राष्ट्रिय महाधिवेशनअन्तर्गत भएको निर्वाचन कार्यक्रममा कार्की ९५८ मतसहित विजयी भएका हुन् । कार्की पालुङ जेसीज वर्ष २०२३ का अध्यक्ष समेत हुन् । कार्कीसँगै सन्दिप खत्री, दीपक अधिकारी, धनराज कंडेल, सुजन थापा, बबिता पाण्डे, अभिशेक दुलाल, सुमित्रा भट्टराई, उज्वल काबरा, सुबाश गौतम, राघव कोइराला, मनिप्रसाद अर्याल उपाध्यक्षमा निर्वाचित भएका भएका छन् ।

जेसीआई हेटौंडा वर्ष २०२४ का अध्यक्ष विकेशलाल श्रेष्ठ नेपाल जेसीजको वर्ष २०२५ का लागि महासचिवमा मनोनित भए । सोमबार सुनसरी इटहरीमा सम्पन्न नेपाल जेसीजको ५१ औं महाधिवेशनबाट अध्यक्ष निर्वाचित मनोहरा जेसीजकी रजनी थापाले श्रेष्ठलाई महासचिव पदमा मनोनित गरेकी हुन् । त्यस्तै, नेपाल जेसीजको कार्यकारिणी उपाध्यक्षमा जेसीआई देवचुलीका गणेश सापकोटा, जेसीआई थानकोटकी एलिना महर्जन, जेसीआई गीतानगरका कृष्ण सापकोटा र जेसीआई बाग्लुङका सौरभ श्रेष्ठ निर्वाचित भएका छन् ।

# महासंघमा निर्वाचितलाई ४ नम्बर वडाको स्वागत सम्मान



साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/हेटौंडा उपमहानगरपालिकाको ४ नम्बर वडा कार्यालयले नेपाल पत्रकार महासंघको नवनिर्वाचित बागमती प्रदेश समिति र मकवानपुर जिल्ला समितिलाई स्वागतसम्मान तथा बधाई ज्ञापन गरेको छ ।

गत मंसिर २८ मा सम्पन्न निर्वाचनमा प्रदेश समितिमा मकवानपुर जिल्लाबाट निर्वाचितलाई र जिल्ला कार्यसमितिका नवनिर्वाचित अध्यक्ष लगायत पदाधिकारी, सदस्यलाई एक कार्यक्रमको आयोजना गर्दै बधाई तथा सम्मान गरेको हो । वडा कार्यालयले नवनिर्वाचितलाई टीका, खादा लगाएर सम्मान गर्नुका साथै डायरी उपहार प्रदान गरेको थियो । बधाई तथा शुभकामना मन्तव्य राख्दै ४ नम्बर वडाका अध्यक्ष नवीन सिग्देलले आफू सधैं पत्रकारको हकहितको पक्षमा रहने प्रतिबद्धता जनाए ।

यसै वडामा पत्रकार महासंघको जिल्ला कार्यालय समेत रहेकाले आगामी दिनमा सहकार्य गर्दै अघि बढ्ने सिग्देलले बताए । कार्यक्रममा नेपाल पत्रकार महासंघ बागमती प्रदेशका नवनिर्वाचित उपाध्यक्ष हरि हुमागाईले श्रमजीवी पत्रकारको हकअधिकार स्थापित गराउन महत्वपूर्ण भूमिका खेल्ने बताए । यसैगरी जिल्ला अध्यक्ष बालकृष्ण अधिकारीले श्रमजीवी पत्रकार तथा सञ्चारगृहलाई बलियो बनाउन लाग्ने प्रतिबद्धता जनाए ।

कार्यक्रममा महासंघ बागमति प्रदेश सदस्य सुर्वणलाल श्रेष्ठ, जिल्लाका नवनिर्वाचित पदाधिकारी तथा सदस्यको उपस्थिति रहेको थियो । सोही अवसरमा भूटनदेवी माध्यमिक विद्यालयका अवैतनिक कानूनी सल्लाहकारका रुपमा रहेका पत्रकार महासंघ मकवानपुरका नवनिर्वाचित अध्यक्ष अधिकारीलाई विद्यालयले सम्मान गरेको थियो ।

# मुख्यमन्त्रीले मन्त्री र सचिवलाई हेटौंडामा बस्नुपर्ने दिन तोके

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/बागमती प्रदेशका मुख्यमन्त्री बहादुरसिंह लामाले मन्त्री र सचिवलाई हेटौंडास्थित मन्त्रालयमा अनिवार्य बस्नुपर्ने दिन तोकेका छन् ।



यसअघि मन्त्री र सचिवहरु हेटौंडामा नबस्ने गर्नाले जनस्तरबाट व्यापक विरोध हुँदा सरकारप्रति तीव्र आलोचना बढेको थियो । मुख्यमन्त्री लामाले मन्त्रीहरुलाई चार दिन हेटौंडामै बस्न निर्देशन दिएका छन् । सरकारको नीति तथा कार्यत्रम र बजेट पूर्णरुपमा कार्यान्वयन नहुँदा विकास निर्माणले गति लिन नसकेपछि मुख्यमन्त्रीले मंगलबार प्रदेशको राजधानी हेटौंडामै रहेर कार्यसम्पादन गर्न निर्देशन दिएका हुन् ।

हेटौंडा-२ स्थित मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आयोजित मन्त्रालयगत रुपमा चालु आर्थिक वर्ष २०८१/८२ को पछिल्लो महिनाको प्रगतिको समीक्षालाई सम्बोधन गर्दै उनले मन्त्रालयका सचिवलाई पनि हप्ताको कम्तिमा ५ दिन हेटौंडामा रहेर कार्यसम्पादन गर्न निर्देशन दिएका हुन् । 'अत्यावश्यक कामबाहेक हेटौंडा नछाड्न र मन्त्रालयमै रहेर काम गर्न मुख्यमन्त्रीबाट हामीलाई निर्देशन भएको छ' सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री सुरजचन्द्र लामिछानेले बताए

प्रवक्ता लामिछानेले सरकारले बजेट खर्च बढाउन र तीव्ररुपमा योजना सम्पन्न गर्न निर्देशन भएको बताए । 'पछिल्लो समय मन्त्रालयगत रुपमा खर्च कमजोर भयो भन्ने चौतर्फी आवाज उठिरहेको छ । विशेषगरी बहुवर्षे योजनाका कारण सोचेअनुसार मन्त्रालयगत रुपमा खर्च कमी भएको निष्कर्षमा हामी पुगेका छौं । अब खर्च बढाउनका लागि बहुवर्षे योजनाको प्रगति र समयमै सम्पन्न गर्न आवश्यक काम गर्न मुख्यमन्त्रीले निर्देशन दिनुभएको छ,' मन्त्री लामिछानेले भने ।

१४ वटा मन्त्रालय रहेको बागमती प्रदेशमा समीक्षा वैठकमा चारजना मन्त्री सहभागी थिएनन् । बैठकमा प्रदेशमा रहेको सबै सचिवहरुको उपस्थिति रहेको थियो । पछिल्लो समय मन्त्रीहरु विभिन्न कार्यक्रमको उद्घाटन र आफ्नो निर्वाचन क्षेत्र केन्द्रित भएर राजनीतिक गतिविधिमा संलग्न हुन थालेपछि प्रदेश सरकारको चौतर्फी आलोचना भइरहेको छ ।

# आधामारलाई कृषि एम्बुलेन्स हस्तान्तरण

साझाकुरा संवाददाता

हेटौंडा, ९ पुस/किसानले उत्पादन गरेका सामग्रीलाई सहज ढंगबाट बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्य अनुरुप हेटौंडा उपमहानगरपालिकाले चिस्यान सहितको कृषि एम्बुलेन्स हस्तान्तरण गरेको छ ।



संघीय सरकारको कृषि तथा पशुपंक्षी विकास मन्त्रालयमार्फत् पालिकामा चिस्यान सहितको कृषि एम्बुलेन्स खरिदका लागि आएको १९ लाख रुपैयाँमा थप गरी खरीद गरेको कृषि उत्पादन बोक्ने सवारी हेटौंडा-१३ को आधामार कृषक समूहलाई हस्तान्तरण गरिएको हो । संघबाट आएको पैसामा उपमहानगरको कार्यपालिका बैठकले थप रकम लगानी गरी खुल्ला प्रतिष्पर्धामार्फत ३४ लाख ९० हजार रुपैयाँको लागतमा खरीद भएको कृषि एम्बुलेन्स मंगलबार आधामार कृषक समूहका अध्यक्ष फेन्चु लामालाई हस्तान्तरण गरिएको हो ।

गत आर्थिक बर्ष २०८०/८१ मा खरीद गरिएको कृषि एम्बुलेन्स सञ्चालनका लागि उपमहानगरले सूचना जारी गरेपछि परेको २ वटा कृषक समूहमध्ये मूल्याङ्कनका आधारमा आधामार लाई योग्य मान्दैं हस्तान्तरण गरिएको उपमहानगर कृषि शाखाप्रमुख प्रदीप रेग्मीले बताए । उनका अनुसार चिस्यान सहितको एम्बुलेन्स भएकाले फलफूल, तरकारी सहितको उत्पादनलाई स्वच्छ ढंगबाट बजार सम्म लैजानका लागि आधामार योग्य देखिएकाले सञ्चालनको जिम्मेवारी दिइएको हो ।

एम्बुलेन्स हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँ, हेटौंडा-१७ का अध्यक्ष उद्धब सत्याल र उपमहानगरका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतमले एम्बेलेन्सको चाबी हस्तान्तरण र सम्झौतापत्र हस्तान्तरण गरेका थिए । हस्तान्तर गर्दै नगरप्रमुख लामाले न्युनतम मूल्य राखेर सञ्चालन हुने एम्बुलेन्सका कारण यस क्षेत्रमा रहेका कृषकको उत्पादनलाई सहज ढंगबाट बजारसम्म ल्याउन सहयोग पुग्ने बिश्वास व्यक्त गरिन् । यसअघि मंगलबार नै हेटौंडा उपमहानगर पालिकाले जिल्लाको पूर्वीभेगमा रहेको बागमती गाउँपालिकालाई आगलागीको बिपद्मा आवश्यक दमकल, सुमो, पिकअप सवारी हस्तान्तरण गरेको थियो ।


## हार्दिक समवेदना



जन्म: २००८ साल

स्वर्गारोहण: २०८१/८/२८ गते

स्व. पटी जैसी

यस कार्यालयमा कार्यरत अधिकृतस्तर सातौं, **श्री प्रेम लाल रिजाल**को ममतामयी माता **पटी जैसी**को असामायिक स्वर्गारोहण भएको आज १३ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै यस दुःखद घडीमा शोकसन्तप्त परिवाजनमा श्री पशुपतिनाथले धैर्यधारण गर्ने शक्ति प्रदान गरून् भन्ने कामना गर्दै हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सामाजिक विकास कार्यालय, परिवार**

हेटौंडा, मकवानपुर, नेपाल

## जाडो मौसममा सवारी दुर्घटनाको जोखिमबाट बचौ

- हुस्सु, कुहिरो र शीतलहरका बेला सवारी दुर्घटनाको उच्च जोखिम हुन सक्छ,
- सावधानीपूर्वक सवारी साधन चलाऔं,
- सवारी चलाउनु पूर्व सवारीको यान्त्रिक परिक्षण गरौं.
- हुस्सु, कुहिरो र शीतलहरको बेला बत्ति (फग लाइट) बालेर मात्र सवारी साधन चलाऔं,
- बाक्लो कुहिरोको समयमा अवश्यकता अनुसार हर्नको प्रयोग गरौं,
- तिब्र गतिमा सवारी साधन नचलाऔं,
- सवारी साधन रोक्नुपर्दा संकेत दिई सडक किनारामा मात्र रोक्ने गरौं,
- मादक पदार्थ सेवन गरी सवारी साधन नचलाऔं,
- जथाभावी बाटो नकाटौं, बाटो काटदा शतर्क रहौं,

*सवारी दुर्घटनाबाट आफु पनि बचौं, अरूलाई पनि बचाऔं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड

## ख्रिष्टमसको हार्दिक शुभकामना



इसाई समुदायको महान उत्सव ख्रिष्टमस तथा नववर्ष २०२५ को पावन अवसरमा सम्पूर्ण स्वदेश तथा विदेशमा भएका नेपालीहरुमा हार्दिकताका साथ शुभकामना व्यक्त गर्दछौं ।




| | | | |
|---|---|---|---|
| पास्टर : नवराज घलान<br>एवम्<br>**विजय गेतसमनी चर्च, परिवार**<br>हेटौंडा-१५, जाँते | पास्टर : दिपक भोलोन<br>एवम्<br>**शाल्वेसन चर्च, परिवार**<br>हेटौंडा-१५ | पास्टर : पुर्ण लामा<br>एवम्<br>**शालोम चर्च, परिवार**<br>हेटौंडा-१२, पदमपोखरी | पास्टर : महेश दोङ<br>एवम्<br>**बेरिया चर्च, परिवार**<br>हेटौंडा-१५, सुकौली |
| रेभरेन : राम कृष्ण पन्त<br>एवम्<br>**क्वाईनोनोय सामदान चर्च, परिवार**<br>हेटौंडा-४, हुप्रचौर | पास्टर : नविन आले मगार<br>एवम्<br>**नेपाल प्रेयर हाउस चर्च, परिवार**<br>हेटौंडा-१ | पास्टर : मोम लाल दोङ<br>एवम्<br>**ईभान्जिलिकल सानुटार चर्च, परिवार**<br>भीमफेदी-१ | पास्टर : रोशन प्रजा<br>एवम्<br>**आई.एम.एस चर्च, परिवार**<br>भीमफेदी-६ |
| पास्टर : दर्शन पाख्रिन<br>एवम्<br>**उपसना चर्च, परिवार**<br>हेटौंडा-१५, फारल्यान | पास्टर : लक्ष्मी तितुङ<br>एवम्<br>**विजय कलवरी चर्च, परिवार**<br>हेटौंडा-१५, परिश्रमिक टोल | रेभरेन : मान बहादुर थिङ<br>एवम्<br>**विजय चर्च, परिवार**<br>हेटौंडा-१५, ठुलो सुकौली | पास्टर : मन्जु लामा<br>एवम्<br>**अभिषेक चर्च, परिवार**<br>हेटौंडा-१३, पदमपोखरी |
| पास्टर : दावा लामा<br>एवम्<br>**पुनर्जीवन चर्च, परिवार**<br>हेटौंडा-१३, पदमपोखरी | पास्टर : विकास उपाध्य<br>एवम्<br>**हेटौंडा आशिष चर्च, परिवार**<br>हेटौंडा-६, रामनगर | पास्टर : रोन पाख्रिन<br>एवम्<br>**रातोमाटे आशिष चर्च, परिवार**<br>हेटौंडा-१५, रातोमाटे | पास्टर : रामचन्द्र प्याकुरेल<br>एवम्<br>**ईभान्जिलिकल आराधाना चर्च, परिवार**<br>हेटौंडा-८, कर्रा |
| एल्डर : राम बहादुर थिङ<br>एवम्<br>**माउण्ट मोरिया चर्च, परिवार**<br>हेटौंडा-४ | पास्टर : डेविड भोलोन<br>एवम्<br>**नेपाल पेन्तिकोष्टल चर्च, परिवार**<br>हेटौंडा-१५, भोर्ले | पास्टर : मनराज भोलोन<br>एवम्<br>**नेपाल मेन्तिकोष्टल चर्च, परिवार**<br>हेटौंडा-१६, जरुङ | **राष्ट्रिय ख्रिष्टीयन महासंघ नेपाल**<br>जिल्ला कार्यसमिति<br>मकवानपुर, परिवार |


साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना